# आमचोक खाने पानी ऐन, २०७४

सभाबाट स्वीकृत मिति :-

# आमचोक गाउँपालिका

## जिल्ला भोजपुर

## १ नं. प्रदेश, नेपाल

**प्रस्तावना :**

आमचोक गाउँपालिका भित्रका जनताहरुलाई स्वच्छ खानेपानी पिउन पाउने अधिकारलाई सुनिश्चित गर्न आमचोक गाउँपालिकाले ‘‘एक घर एक धारा” नीति बनाएको छ । जसबाट स्वच्छ, शुद्ध खानेपानी सँगै धारा, कुवामा जान समयको बचत गर्न गाग्री बोकेर हिड्नु पर्ने बाध्यतालाई सदाको लागि निराकरण गर्न, मुहानको संरक्षण, रोजगारीको सिर्जना, आर्थिक विकासको लागि व्यावसायिक रुपमा ‘‘एक घर एक धारा” नीति लाई कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले आमचोक गाउँ सभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँसभाले यो ऐन बनाएको हो ।

## परिच्छेद-१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) संक्षिप्त नाम “आमचोक खानेपानी संस्था” रहनेछ ।

(ख) अंग्रजीमा “Aamchok Khane Pani Sastha” हुनेछ ।

(ग) यस “संस्था” भन्नाले स्वत आमचोक खाने पानी लिमिटेड भनेर बुझिनेछ ।

(घ) यस संस्थाको ठेगाना आमचोक गाउँपालिकाको कुनै पनि क्षेत्रमा रहनेछ ।

(ङ) अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्ष वा यस संस्थाको सञ्चालक समितिको अध्यक्ष बुझ्नु पर्नेछ ।

(च) प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझ्नु पर्नेछ ।

(छ) लगानीकर्ता भन्नाले यस संस्थामा शेयर लगानी गरेका नेपाली नागरिकलाई बुझ्नु पर्नेछ ।

(ज) खाने पानी कार्यालय भन्नाले यस संस्थाको खाने पानी कार्यालयलाई बुझ्नु पर्नेछ ।

(झ) साधारण सभा भन्नाले सार्वजनीक नीजि साझेदारी नीति २०७२ अनुसार लगानीकर्ता व्यक्ति वा संस्थाको बहुमत उपस्थितिमा सम्पन्न वार्षिक भेला बुझ्नु पर्नेछ ।

(ञ) यो आमचोक खानेपानी संस्था ऐन सार्वजनिक नीजि साझेदारी नीति २०७२ अनुसार रहनेछ ।

## २. संस्थाको उद्धेश्य

(क) यस आमचोक गाउँपालिका भित्र रहेको सवै नागरीकको घरमा स्वच्छ खानेपानीको दिर्घकालिन व्यवस्था गर्न ।

(ख) "एक घर एक धारा" नीति यस गाउँपालिकाको योजनालाई सार्थकता दिन ।

(ग) खेर गैरहेको पानीको मुहानहरुलाई सहि सदुपयोग गर्न ।

(घ) बोकेर पिउनु पर्ने व्यवस्थालई पूर्ण रुपमा निर्मूल गर्न ।

(ङ) खानेपानी व्यवस्थालाई आधुनिकतामा लादै बजारीकरण गर्दै रोजगारीको सिर्जना गर्न, आमचोक गाउँपालिकाको जनता संगै बाहिरबाट आउनुहुने आन्तरिक वा बाह्य नागरीकलाई स्वच्छ खानेपानीको व्यवस्था गर्न ।

(च) स्थानीय गाउँपालिकाको आन्तरीक आमदानीमा बृद्धि गर्न ।

(छ) बेमौषमी तरकारी खेती उत्पादनमा बृद्धि गर्न ।

(ज) आर्थिक बृद्धिसँगै स्वरोजगार प्रदान गर्न ।

(झ) यस "एक घर एक धारा" कार्यक्रम अन्तर्गत आमचोक गाउँपालिका भित्र रहेको सवै खानेपानीको मुहान खोज्ने, संरक्षण गर्ने र ट्याङ्कीमा जम्मा गरेर यस आमचोक गाउँपालिका भित्र प्रत्येक घरमा स्वच्छ खानेपानीको दिर्घकालिन व्यवस्था गर्ने ।

## ३. संस्थाको कार्यक्षेत्र

(क) यस संस्थाले आमचोक गाउँपालिका भित्र मात्र नरहेर छिमेकी गाउँपालिकासंग पनि आवश्यकता अनुसार सहकार्य गर्नेछ ।

(ख) गाउँपालिकाको सवै वडा भित्र यो कार्यक्रम लागू हुनेछ ।

## परिच्छेद-२

## यस संस्थाको कार्यकारी सञ्चालन गठन सम्बन्धमा देहाय बमोजिम रहनेछ

१. स्थानीय तहको अध्यक्ष वा प्रमुख - अध्यक्ष - १

२. गाउँपालिकाको प्रुखक प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी - सदस्य - १

३. गाउँपालिकाको खानेपानी समिति संयोजक - सदस्य - १

४. साधारण सभाले निर्वाचित गरेको लगानीकर्ताहरुमध्ये २ महिला सहित ५ जना - सदस्य - ५

५. सञ्चालक समितिले तोकेको कार्यपालिकाको सदस्यमध्येबाट १ दलित १ महिला सहित ३ जना - सदस्य - ३

६. संचालक समितिले नियुक्ति दिएको प्रबन्धक - सदस्य सचिव

## परिच्छेद ३

## सञ्चालक समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा

(क) गाउँपालिकाभित्र रहेको पानीको स्रोतहरु पहिचान गर्ने ।

(ख) संस्थालाई काम गर्नको लागि आवश्यक नीति, नियम, नियमावलीहरु तर्जुमा गर्ने ।

(ग) संस्थालई आवश्यक कर्मचारी नियुक्ति दिने ।

(घ) सवै वडाको घरघरमा स्वच्छ खाने पानीको व्यावस्थालाई पूर्णता दिने ।

(ङ) सञ्चालक समितिको बैठकमा उपस्थित भई प्रभावकारी योजनाहरुमा सहमति जुटाउने ।

## परिच्छेद ४

## प्रबन्धकको काम, कर्तव्य र अधिकार सम्बन्धमा

(क) प्रशासनिक कामहरुलाई निरन्तरत दिने ।

(ख) संस्थाको आय, व्यय लेखापरिक्षणलाई गर्ने गराउने ।

(ग) सञ्चालक समितिले गरेको निर्णयहरुलाई पूर्णताका साथ पालना गर्ने ।

(घ) गाउँपालिकाको “एक घर एक धारा” नीतिलाई प्रबन्धकको तर्फबाट सहयोग गर्ने ।

(ङ) संस्थाको कर्मचारीहरुलाइँ निगरानी गर्ने ।

## परिच्छेद-५

## संस्थाको लगानी सम्बन्धमा

(क) यस संस्थामा सार्वजनिक नीजि साझेदारी नीति २०७२ अनुरुप साझेदारी अवधारणा कार्यन्वयन ११.४ कोनं. ८ को नीति लागू हुनेछ ।

(ख) स्थानीय गाउँपालिकाको ५१% र नागरीक लगानी ४९% हुनेछ ।

(ग) राष्ट्रिय अन्तराष्ट्रिय दातृ संघ संस्थाकोहरुको लगानीलाई संघिय कानुन अनुसार स्वीकार गरिनेछ ।

(ङ) यस संस्थाले स्थानीय नागरीकको लगानी, स्थानीय गाउँपालिकाको लगानी, विभिन्न वैदेशिक दातृ संस्था, सहकारी, फाईनान्स, बैंकहरुको लगानी आर्थिक नीति अनुसार लगानी गरिनेछ ।

## परिच्छेद-६

## संस्थाको लेखापरिक्षण सम्बन्धमा

(क) पहिलो आ.ले.प. आमचोक गाउँपालिकाको मातहतमा गर्ने ।

(ख) म.ले.प. संस्था भईसकेपछि सम्बन्धित नेपाल सरकारको स्वीकृत प्राप्त लेखा परिक्षक बाट बार्षिक लेखा परिक्षण गरिनेछ ।

(ग) यस संस्थाले कर्मचारी खर्च, कार्यालय संचालनको लागि कार्यलय व्यवस्थापन, आवश्यक कागज पत्र, फर्निचर, सवारी साधन खर्च गर्नेछ ।

(घ) संस्थाको कार्यक्रम संचालनको लागि प्रबन्ध निर्देशक र लेखा अधिकृतको मातहतमा चेक काटिनेछ ।

(ङ) यस संस्थाको आर्थिक ऐन ले नेपाल सरकारको कार्यविधि ऐन २०५५ लाई पालना गर्नेछ ।

(च) यस संस्थाको प्रत्येक वर्षको पहिलो साउन १ गते देखि दोश्रो असार मसान्त सम्मलाई आफ्नो आर्थिक वर्ष मान्नेछ ।

(छ) यस संस्थाको बैंक खाता स्थानीय गाउँपालिकमा रहेको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा रहनेछ ।

## परिच्छेद-७

## शेयर लगानी सम्बन्धमा

(क) यसमा संस्थामा ५१% शेयर आमचोक गाउँपालिकाको रहनेछ ।

(ख) आवश्यकताअनुसार गाउँपालिकाबाट रकम विनियोजन गरिनेछ ।

(ग) नागरीक लगानीको लागि रु.१०० बराबर १ थान शेयरको नियम लागू हुनेछ । शेयर खरिद फारामको लागि रु. १०० रकम लाग्नेछ ।

(घ) एक नागरीकले १५,००० देखि ५ लाखसम्म शेयर लगानी गर्न सक्नेछन् ।

(ङ) शेयर लगानी गर्दा आयस्रोत खुलाउनुपर्नेछ ।

## परिच्छेद-८

## शेयर खरिद बिकी सम्बन्धमा

(क) नेपाली नागरीकले सहजरुपमा शेयर खरिद विकी गर्न पाउनेछ ।

(ख) कोही स्थानीय नागरीकले आफ्नो श्रमलाई शेयर लगानीमा रुपान्तर गरेमा पाईनेछ । जस्तो यस संस्थामा काम गरेको आफ्नो श्रम ।

## परिच्छेद-९

## आवश्यक संरचना सम्बन्धमा

(क) कार्यालय संचालनको लागि घर/कोठा भाडामा लिईनेछ । संस्था मुनाफामा गएपछि आफ्नो

जमिन र कार्यालय घरको व्यवस्था गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने भौतिक संरचना जुटाईनेछ । जसमध्ये आवश्यक मानवशक्ति, फर्निचर, कम्प्युटर, सवारी साधन, कागजपत्र ईत्यादि ।

(ग) संस्थाले आफ्नो सहयोगी संस्थाहरुबाट “एक घर एक धारा” नीति अन्तर्गत खानेपानी संस्था वा लगानी संस्थाहरुसंग सहकार्य गरिनेछ ।

## परिच्छेद-१०

## कर्मचारी सम्बन्धमा

(क) संस्थाले सक्षम, उर्जाशील, लगनशील ब्यक्तिलाई प्रबन्ध निर्देशक वा सदस्य सचिवमा सञ्चालक समितिले  नियुक्त गर्नेछ ।

(ख) संस्थालई आवश्यकता अनुसार कर्मचारी संचालक समितिले करार मार्फत नियुक्त गरिनेछ । कर्मचारी कार्यक्रम अधिकृत, लेखा, का. स., प्लम्बर, ईत्यादि ।

(ग) कर्मचारीले कार्यालयको गोपनीयतालाई ख्याल राख्नुपर्नेछ ।

## परिच्छेद-११

## जमिन सम्बन्धमा

(क) यस संस्थाले आमचोक गाउँपालिका भित्र रहेको पानीको मुहान क्षेत्रलाई विशेषत उपयोग गरिनेछ ।

(ख) यस संस्थाले छिमेकी गाउँपालिकाको खानेपानी मुहानलाई पनि सम्झौता अनुसार उपयोग गर्नेछ ।

(ग) संस्थाले गाउँपालिका भित्रको पानीको स्रोतहरुलाई आवश्यक नियमावली बनाई  उपयोग गरिनेछ ।

## परिच्छेद-१२

## शेयर लगानी मुनाफा सम्बन्धमा

(क) नेपाली नागरिकले शेयर लगानी गर्न पाउँनेछन् ।

(ख) वार्षिक लेखा परिक्षण पछि साधारण सभाको आयोजना गरिनेछ ।

(ग) बार्षिक कार्य संचालनको खर्च पछि आएको मुनाफालाई लगानी अनुपात अनुसार वितरण गरिनेछ ।

(घ) संस्थाले केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई नियम बमोजिम कर तिर्नेछ र स्थानीय लिमिटेडले पाउने सुविधा पनि उपयोग गर्नेछ ।

## परिच्छेद-१३

## संस्थाको कार्यविधि संशोधन सम्बन्धमा

(क) कार्यविधि संशोधन गर्नु परेमा बार्षिक सभाको बहुमतको हस्ताक्षर चाहिनेछ ।

(ख आवश्यकता अनुसार कानुनी परामर्श लिईनेछ वा कानुनी सल्लाहकार नियुक्त गरिनेछ ।

(ग) कुनै कार्यविधि बाँझिएमा संचालक समितिको बैठक मार्फत साधारण सभाबाट परिमार्जन गरिनेछ ।

## परिच्छेद-१४

(क) संस्थाको आवश्यकता अनुसार सञ्चालक समितिले एक जना प्रबन्ध निर्देशकलाई नियुक्ति गर्नेछ ।

(ख) नेपाल सरकारको कानुन विरुद्ध कार्य गरेमा स्वत प्रबन्ध निर्देशकलाई संचालक समितिले पदच्यूत गर्नेछ ।

(ग) एक कार्यकाल ४ वर्षको मात्र हुनेछ ।

(घ) प्रबन्ध निर्देशकको बढीमा दुई कार्यकाल हुनेछ । दुई कार्यकाल देखि दोहोरिने छैन ।

## परिच्छेद-१५

## संस्थाको छाप सम्बन्धमा

सञ्चालक समितिको पहिलो बैठकबाट छाप सम्बन्धमा नियमावली बनाई सम्बन्धित निकायमा पेश गरिनेछ ।